बागमती प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

स्वास्थ्य निर्देशनालय

# जनस्वास्थ्य कार्यालय, मकवानपुर

हेटौंडा, नेपाल

## आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु विक्री वितरण नियन्त्रण सम्बन्धी अत्यन्त जरुरी सूचना

सूचना प्रकाशन मिति : २०८२/०४/१२

आमाको दूधमा शिशुका लागि आवश्यक सबै प्रकारका पोषण तत्त्व पाइने तथा पोसिलो र रोग प्रतिरोधको क्षमता बढाउने महत्त्वपूर्ण आहार भएकाले त्यसको विकल्पमा कुनै पनि खाद्य, आहार तथा बजारमा पाइने दूध हुन सक्दैन। आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (विक्री वितरण नियन्त्रण) ऐन, २०४९ ले स्वास्थ्य हेरचाह गर्ने निकाय तथा स्वास्थ्य कार्यकर्ताहरुले ऐनको दफा ८ को उपदफाहरु (४), (५),वा (६) उल्लङ्घन गरेमा र उत्पादक तथा वितरकहरुले ऐनको दफा ९ को उपदफा (१), (४), (५), (७), (८), (९), (१०), वा (११) र दफा १० र ११ उल्लङ्घन गरेमा जरिवाना तथा कैद सजायको प्रावधानहरु राखेको छ। यि प्रावधानहरुको निरीक्षण गर्ने अधिकारीले कारवाहीको लागि किटानी जाहेरी दिने, खानतलासी गर्ने, बरामदी मुचुल्का तयार गरि बरामद गर्ने, पक्राउ गर्ने, तथा मुद्दा चलाएर अभियोग लगाउने समेत अधिकार प्रत्यायोजन भएको छ। बजारमा विभिन्न औषधी पसल तथा अन्य पसलमा विभिन्न ब्रान्डको आमाको दूध प्रतिस्थापन गर्ने वस्तु प्रदर्शन गर्ने र सामाजिक सञ्जालको माध्यमबाट समेत यस्ता वस्तुहरुको प्रवर्द्धन गर्ने गरेको पाइएमा ऐन बमोजिम सजाय हुने व्यहोरा सम्बद्ध सबैमा अनुरोध गरिन्छ।

कृष्ण बहादुर मिजार
जन स्वास्थ्य प्रशासक

फोन:०५७-५२०७१८ E-mail:phomakawanpur@bagamati.gov.np website: homakawanpur.bagamati.gov.np